मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ८० ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८२ चैत २३ गते सोमबार ❑ 6 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सभामुखमा अर्याल

**रासस**
काठमाडौं, २२ चैत



नेपालको दसौँ सभामुखमा प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याल निर्वाचित हुनुभएको छ। प्रतिनिधिसभाको आइतबारको बैठकबाट उहाँ सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको हो।

यसैगरी राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। राष्ट्रपति भवनमा आइतबार आयोजित विशेष समारोहमा सभामुख अर्यालले शपथ लिनुभएको हो। त्यस अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री वालेन्द्र शाह, सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीको उपस्थिति थियो।

यसअघि बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं सांसद रवि लामिछानेले ‘प्रतिनिधिसभा सदस्य डोलप्रसाद अर्याललाई सभामुख पदमा निर्वाचित गरियोस्’ भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई सांसदहरू सोविता गौतम, स्वर्णिम वाग्ले र सुनिल लम्सालले समर्थन गर्नुभएको थियो। सभाको अध्यक्षता गर्नुभएका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसद अर्याललाई प्रतिनिधिसभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त भएकाले अर्याल सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो।

नवनिर्वाचित सभामुख अर्याल यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष हुनुहुन्थ्यो। धादिङको ज्वालामुखी गाउँपालिकामा २०३१ साल भदौ ६ गते जन्मनुभएका राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष डोलप्रसाद अर्याल प्रतिनिधिसभाको दसौँ सभामुखमा निर्विरोध निर्वाचित हुनुभएको छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ काठमाडौँ क्षेत्र नं ९ बाट निर्वाचित हुनुभएको थियो। निरन्तरको सङ्घर्षबाट वैकल्पिक राजनीति यात्रामा होमिनुभएका अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको जिम्मेवारी वहन गरिसक्नुभएको छ। नवनिर्वाचित सभामुखमा अर्यालले जापानलगायत विभिन्न देशमा अध्ययन, अनुसन्धान, रोजगारी तथा व्यवसाय सञ्चालन गर्नुभएको थियो। वर्षदेखि स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वासका साथ विगत २५ वर्षदेखि पर्यटन, शिक्षा र वित्तीय क्षेत्रमा उहाँ क्रियाशील हुनुहुन्छ।

व्यवसाय र राजनीतिलाई सँगसँगै अघि बढाउनुभएका अर्यालले २०७९ सालमा राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका संस्थापक उपाध्यक्ष हुनुहुन्छ। संसद्को अघिल्लो कार्यकालमा श्रममन्त्रीको जिम्मेवारीमा रहँदा उहाँले श्रमिकका अधिकार रक्षा, वैदेशिक रोजगार प्रणालीमा पक्रियागत सुधार र सामाजिक सुरक्षाका खातिर उल्लेखनीय योगदान गर्नुभएको थियो। प्रतिनिधिसभाको आजको बैठकमा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्याललाई सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो। नवनिर्वाचित सभामुख अर्यालले आज राष्ट्रपति रामचन्द्र पौडेलसँग पद तथा गोपनियताको सपथ लिने कार्यक्रम छ। प्रतिनिधिसभाको सभामुख पदमा अन्य दलका तर्फबाट उम्मेदवारी नपरेपछि अर्याल निर्विरोध निर्वाचित हुनुभएको हो। दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीका १८२ सांसद हुनुहुन्छ। संसद्का प्रमुख अर्याललाई कानुन निर्माण, सरकारका गतिविधिको निगरानीका साथै राजनीतिक ध्रुवीकरण र दलहरूको मतभेद अन्त्य गर्ने सन्तुलित ढङ्गले संसद् सञ्चालन गर्नु चुनौतीपूर्ण छ। विधेयक र प्रस्तावहरूको समयमै व्यवस्थापन, सांसदहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु र नियमावलीको पालना गराउनु पनि चुनौतीपूर्ण छ। सभामुखले दलीय दबाब र व्यक्तिगत राजनीतिक हितभन्दा पर रही निष्पक्ष निर्णय लिनुपर्ने अवस्था छ भने जनताबाट उच्च अपेक्षा र उहाँको दायित्व बनेको छ।

## नयाँ शैक्षिकसत्र वैशाख १५ गतेदेखि

**रासस**
काठमाडौं, २२ चैत

सरकारले निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएको छ। साथै नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन मन्त्रालयले पहल गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको हो। मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले आइतबार प्रेस विज्ञप्ति जारी गरेर शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरुपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारवाही हुन सक्नेतर्फ समेत सचेत गराइएको छ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को ग को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लङ्घन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को आजको निर्णय अनुसार आउँदो वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र प्रारम्भ हुनेछ। विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्क कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिइएको थियो। न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको थियो। यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो। आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ। अदालतले सम्बन्धित निकायलाई प्रचलित कानूनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न समेत आदेश गरेको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन पश्चात नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो। सो विषयमा राससले यही चैत ५ गते ‘वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयमा भर्ना सुरु’ शीर्षकमा समाचार प्रकाशन गरेको थियो।

## सरकारी कार्यालयको समय बिहान ९ देखि अपराह्न ५ बजेसम्म

**रासस**
काठमाडौं, २२ चैत

सोमबारदेखि सरकारी कार्यालय, सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरू सञ्चालनको समय बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म कायम हुनेछ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयलाई गृह मन्त्रालयले आइतबारनै राजपत्रमा प्रकाशन गरी सूचना जारी गरी सरकारी कार्यालय, सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने, शैक्षिक संस्थाबाहेक उल्लिखित कार्यालय तथा निकायहरूको कार्यालय समय यही चैत २३ गतेदेखि बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म कायम हुने जनाएको हो।

तर कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म भने कार्यालय समय बिहान ९:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म कायम गर्ने राजपत्रमा प्रकाशित छ।

## अध्यक्ष ओली र नेता लेखकलाई थप पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

**रासस**
काठमाडौं, २२ चैत

जिल्ला अदालत काठमाडौँले नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई थप पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

न्यायाधीश जगतबहादुर पौडेलको इजलासले थप अनुसन्धान गर्ने तथा प्रमाणहरू बुझ्न र अनुसन्धानसम्बन्धी थप कार्यहरू बाँकी नै रहेकाले हिरासतमा राख्न मनासिव देखिएको उल्लेख गर्दै म्याद थप गर्न अनुमति दिएको हो। आदेशमा भनिएको छ, “थप अनुसन्धान गर्ने तथा प्रमाणहरू बुझ्नेसमेतका अनुसन्धानसम्बन्धी थप कार्यहरू बाँकी नै रहेको देखिँदा उल्लेखित अनुसन्धानको प्रयोजनका लागि प्रतिवादीलाई हिरासतमा राख्न मनासिव देखिँदा निज प्रतिवादी प्रतिवादी पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलाई हिरासतमा राखी उपर्युक्त लेखिएबमोजिमको कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि चैत २१ गतेदेखि लागू हुने गरी ५ (पाँच) दिनको म्याद थपको अनुमति प्रदान गरिएको छ।”

अदालतका श्रेस्तेदार तीर्थराज भट्टराईका अनुसार अदालतले यही चैत २१ गतेदेखि लागू हुने गरी पाँच दिन म्याद थपको अनुमति दिएको हो। यसअघि, अदालतले सुरूमा पाँच दिन र पछि दुई दिन म्याद थप गरेको थियो। सरकारी वकिलले अध्यक्ष ओली र नेता लेखकलाई १० दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन माग गरेको थियो। जेनजी आन्दोलनको बेला एमाले अध्यक्ष ओली प्रधानमन्त्री र कांग्रेस नेता लेखक गृहमन्त्री हुनुहुन्थ्यो। उक्त आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले अध्यक्ष ओली र नेता लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो। सो सिफारिसका आधारमा जरुरी पक्राउ पुर्जी जारी गरेर यही चैत १४ गते शनिबार दुवै जनालाई पक्राउ गरिएको थियो।

## दश बुँदे घोषणापत्र जारी गर्दै सकियो ‘बागलुङ मिडिया मेला’


**पोखरापत्र संवाददाता**
बागलुङ, २२ चैत

नेपाल पत्रकार महासङ्घ बागलुङद्वारा आयोजित ‘बागलुङ मिडिया मेला’ १० बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ।

यही चैत २० र २१ गते बागलुङ बजारमा भएको मेलामा गिद्धेप्रेसदेखि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्मको यात्रा र चुनौतीबारे विमर्श गरिएको थियो।

दुई दिनसम्म सञ्चालन भएको मेलामा पत्रकारिता, पर्यटन, प्रविधिलगायत विभिन्न १० विषयमा छलफल गरिएको थियो। सञ्चारमाध्यमका नयाँ आयामलाई स्वीकार गर्दै सञ्चारसंस्था र पत्रकारलाई गुणस्तरीय तथा विश्वसनीय समाचार सामग्री लेखन/उत्पादनमा जोड दिने घोषणापत्रमा उल्लेख गरिएको छ। समय र प्रविधिको गतिअनुसार पत्रकारिता, त्यसमा पनि डिजिटल सञ्चारमाध्यम र समाजिक सञ्जाल तथा अनलाइन सञ्चारमाध्यमको यथोचित उपयोग, यसको उपयोगमार्फत आयआर्जन गर्दै जीवनस्तरमा टेवा पुग्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयनका लागि तीनै तहका सरकारसँग घोषणा पत्रमार्फत माग गरिएको छ। तत्काल कोरलानाका नियमित सञ्चालन गरेर यसबाट गण्डकी प्रदेशले निर्यात बढाउन सक्ने र त्यसबाट आर्थिक समृद्धिमा टेवा पुग्ने भएकाले सञ्चारमाध्यमले यो विषय उठान गरी सरकारलाई आवश्यक पहलकदमी र नीति निर्माण गर्न सरकारको ध्यानाकर्षण गराइएको छ।

बागलुङभित्र र जिल्लाबाट बाहिर रहेर विभिन्न क्षेत्रमा सफल भएका व्यक्तित्वलाई आफ्नो ज्ञान, सीप, अनुभव र स्रोतसाधन जन्मभूमिको विकास, समृद्धि र पहिचान अभिवृद्धिमा लगानी गर्न आह्वानसमेत गरिएको छ। घोषणपत्रतथासञ्चारमाध्यममार्फत यस्ता प्रेरणादायी कथाहरूको प्रवर्द्धन गर्दै ‘जन्मभूमिसँगको सम्बन्ध र योगदान’लाई संस्थागत रूपमा सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। सरकारी विज्ञापन सरकारी मिडियामा मात्र सीमित गर्ने सङ्घीय सरकारको निर्णय सङ्घीयता, खुला अर्थनीति, प्रेस स्वतन्त्रताको भावना र मर्मविपरीत भएकाले प्रदेश सरकार, स्थानीय तहहरूलाई केन्द्र सरकारको परिपत्र अस्वीकार गर्दै स्वरोजगार मूलक मिडिया, यसमा कार्यरत पत्रकारहरूलाई थप सङ्कटग्रस्त अवस्थामा पुर्‍याउने भन्दै यसको विरुद्धमा घोषणपत्रमा उल्लेख छ। छलफलका क्रममा स्थानीय सञ्चारमाध्यमको दर्ता, सञ्चालन र सवलीकरणमा स्थानीय तहको यथोचित स्थानीय सञ्चार नीति आवश्यक रहेकामा जोड दिइएको छ।



# फेवा महोत्सवलाई संघसंस्थाको साथ

पोखरापत्र संवाददाता
पोखरा, २२ चैत



यही चैत २९ गतेदेखि आगामी वैशाख १ गतेसम्म फेवा किनारमा आयोजना हुने २१ औं फेवा नव बर्ष महोत्सव २०८३ लाई सफल पार्न विभिन्न संघसंस्थाले सघाउने प्रतिबद्धता जनाएका छन् ।

महोत्सवको आयोजक संस्था होटल संघ पोखरा नेपालले पोखरास्थित विभिन्न पर्यटन सम्बद्ध संस्थाका अध्यक्ष र पदाधिकारीसँग हालै गरेको छलफलमा उनीहरुले फेवा महोत्सव समग्र पोखरेलीको महोत्सवको रुपमा आफूहरुले बुझेको बताएका थिए। महोत्सवबारे जानकारी दिँदै होटल संघ पोखरा नेपालका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले पोखराको सहिदचोकदेखि खहरेचोकसम्म आयोजना हुने महोत्सवमा यसपटक पंचै बाजा प्रतियोगिता विशेष रहने अवगत गराए । यस अन्तर्गत खहरेबाट अम्बोटसम्म दुलही लिन जानेदेखि खहरेमा रत्यौली खेल्ने जस्ता रमाइला गतिविधि समावेश हुने जानकारी उनले गराए । पर्यटक दौड, दोहोरीका कार्यक्रम र सांगीतिक कन्सर्ट पनि महोत्सवमा समेटिने उनले सुनाए । आयोजक संघको सल्लाहकार परिषद्का संयोजक एवं होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले नेपाली कला र संस्कृतिको संरक्षण गर्दै पोखरामा पर्यटक आकर्षित गर्ने र उनीहरुको बसाई अबधि लम्ब्याउँदै मनोरञ्जन प्रदान गर्ने उद्धेश्य महोत्सवले लिएको बताए । कार्यक्रममा पोखरा महानगरपालिका व्यवसाय प्रबर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले फेवा महोत्सव महोत्सव मात्र नभई नयाँ बर्षमा आयोजना गरिने कारण यो पर्व पनि भएको बताए। सरकारले गर्नुपर्ने महोत्सव निजी क्षेत्रबाट आयोजना गरिनु सराहनीय कदम भएको भन्दै उनले संघको प्रशंसा गरे । कार्यक्रमका अवसरमा महोत्सवलाई एकआपसमा हातेमालो गरी मिलेर सफल पारिनुपर्ने, महोत्सवका अवसरमा पोखराको कला, संस्कृति र सहासिक गतिविधि प्रदर्शन गर्न सकिने, महोत्सव आगन्तुक पर्यटकलाई हिंडडुलमा दुःख नहुने गरी संचालन गरिनुपर्ने, होटलको दररेट महंगो हुन नहुने, महोत्सवको डिजिटल प्रबर्द्धनमा जोड दिनुपर्ने र महोत्सवले जेन-जी युवालाई समेत आकर्षण गर्न सक्नुपर्ने विषय सुझावको रुपमा राखिएको थियो । सुरक्षा, ट्राफिक र पार्किङ व्यवस्थापनका विषयमा समेत महोत्सवमा सुझाव राखिएको थियो । सो अवसरमा पोखरा पर्यटन परिषद्, पोखरा उद्योग वाणिज्य संघ, टान, नाट्टा, रेवान, नेपाल हवाई खेलकूद संस्था, पोखेली ट्याक्सी सेवा प्रालि, ना, पोखरा च्याम्बर अफ कमर्स, गाउँ पर्यटन प्रबर्द्धन मञ्च, ओटेफ, टेवान, गुरुङ पर्यटन व्यवसायी संघ, फेवा डुंगा व्यवसायी संगठन, मुद्रा सटही व्यवसायी संगठन र वडा नम्बर ६ का तर्फबाट सुझाव राखिएको थियो । कार्यक्रमको संचालन संघका सचिव पार्वता पाण्डेले गरेकी थिइन् ।

# भव्य तयारीसहित 'पोखरा स्पोर्टस अवार्ड' : समावेशी र प्रतिस्पर्धात्मक बनाउने लक्ष्य

पोखरापत्र संवाददाता
पोखरा, २२ चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने 'पोखरा स्पोर्टस अवार्ड'लाई भव्य, सभ्य र थप प्रभावकारी बनाउने उद्देश्यसहित कास्की जिल्ला तथा गण्डकी प्रदेशका विभिन्न खेल संघसंग छलफल गरेको छ ।

आगामी बैशाख १८ गते पोखरामा हुने दशौं संस्करणको पोखरा स्पोर्टस अवार्डलाई खेलाडीमैत्री, पारदर्शी र समावेशी बनाउने लक्ष्यसहित सुझाव संकलन गर्न मञ्चका कार्यवाहक अध्यक्ष राजाराम पौडेलको अध्यक्षतामा छलफल तथा अन्तरक्रिया आयोजना गरिएको हो । पौडेलले खेल क्षेत्रको वास्तविक अवस्था बुझ्दै अवार्डलाई अझ व्यवस्थित बनाइने स्पष्ट पारे । छलफलमा सहभागी संघका प्रतिनिधिहरूले अवार्डको स्तर उकास्न विगतका कमजोरी सुधार्दै अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् । उनीहरुले यस पटक कार्यविधि निर्माण गरेकोमा खुसी व्यक्त गर्दै त्यसलाई अझ सुधार गर्दै जान र अवार्डका सम्पन्न गर्नका लागि संघको तर्फबाट सक्दो सहयोग गर्ने बताए । गण्डकी प्रदेश आर्चरी संघका उपाध्यक्ष योगेन्द्र शेरचनले सबै खेल र खेलाडीलाई समेट्दै उनीहरूको प्रतिभा प्रस्तुत गर्ने वातावरण बनाउन सके अवार्ड अझ आकर्षक बन्ने बताए ।

टेबल टेनिस संघ गण्डकीका अध्यक्ष दिलिप जोशीले एउटै खेल र खेलाडी दोहोरिने प्रवृत्तिले नयाँ प्रतिभा ओझेलमा पर्ने भएकाले मूल्यांकन प्रक्रियामा सुधार आवश्यक रहेको धारणा राखे । फेन्सिङ संघ कास्कीका अध्यक्ष विजय शाहीले राष्ट्रिय स्तरमा नपुगेका तथा नयाँ खेललाई पनि अवार्डमा समेट्नुपर्नेमा जोड दिए । यसले खेल क्षेत्रको दायरा फराकिलो बनाउने उनको भनाइ थियो । जुडो संघ कास्कीका अध्यक्ष पदम बहादुर छन्त्यालले खेलाडीले राम्रो प्रदर्शन गरे पनि पर्याप्त प्रवर्द्धन नपाएको गुनासो गर्दै मञ्चले अवार्डमार्फत खेलाडीलाई प्रोत्साहन गरेकोमा धन्यवाद व्यक्त गरे । कबड्डी संघ गण्डकीका अध्यक्ष हरि जिसीले प्रदेशमै सीमित खेललाई पनि प्राथमिकता दिनुपर्ने र 'पिपल्स च्वाइस' अवार्ड छनोट निष्पक्ष हुनुपर्ने बताए ।

एथलेटिक्स संघ कास्कीका सचिव सिद्धान्त अधिकारीले खेलअनुसार फरक मापदण्ड आवश्यक पर्ने भएकाले कार्यविधिमा लचिलोपन आवश्यक रहेको बताए ।

सेपाकताक्रो गण्डकीका अध्यक्ष श्याम बहादुर श्रेष्ठले राष्ट्रिय तथा अन्तर ार्ष्ट्रिय उपलब्धि हासिल गरेका खेललाई जनस्तरसम्म पुऱ्याउन अवार्ड महत्वपूर्ण माध्यम बन्ने बताए। ह्यान्डबल संघ कास्कीका अध्यक्ष चित्रबहादुर थापाले एकल र समूहगत खेललाई एउटै आधारमा मूल्यांकन गर्न नहुने उल्लेख गर्दै स्तरअनुसार छुट्टै मापदण्ड आवश्यक रहेको बताए ।

आर्चरी संघ कास्कीका वसन्त गौचनले जिल्ला स्तरमै सीमित खेललाई पनि अवार्डमा समेट्नुपर्नेमा जोड दिए । साथै, खो-खो संघका विशाल कुँवर, हक्कीका हित गुरुङ र पौडी संघ गण्डकीका अध्यक्ष आनन्द कुँवरले पनि समावेशीता, पारदर्शिता र खेलाडी प्रोत्साहनका विषयमा सुझाव दिएका थिए ।

पोखरा स्पोर्टस अवार्ड कार्यविधी निर्माण समितिका सदस्य राजन पौडेलले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले निर्माण गरेको कार्यविधिको बारेमा जानकारी गराएका थिए । छलफलबाट प्राप्त सुझावका आधारमा ' पोखरा स्पोर्टस अवार्ड'लाई अझ समावेशी, प्रतिस्पर्धात्मक र प्रेरणादायी बनाउने तयारी अघि बढाइएको मञ्चका महासचिव परशुराम शर्माले बताए ।

आगामी बैशाख १८ गते आयोजना हुने पोखरा स्पोर्टस अवार्डमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार, वर्ष उत्कृष्ट खेल संघसंस्था र पिपल्स च्वाइस अवार्ड गरी आठ विद्यामा अवार्ड प्रदान गरिदैछ । उक्त अवार्ड खेलाडी सम्मानमा गण्डकीकै ठूलो इभेन्ट हो ।

अवार्डका लागि गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकीसहित कास्कीका पोखरा महानगरसहित पाँचै वटा पालिकाको विशेष सहयोग रहनेछ । अवार्ड सफल पार्न विभिन्न संघसंस्थाले सहयोग गर्ने क्रम जारी छ ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी




मुक्तिनाथ बसपार्कमा सेताम्मे हिउँ : मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मुक्तिनाथ स्थित रानीपौवा बसपार्कमा सेताम्मे हिउँमा पार्किमा राखेको सवारीसाधन र आसपासका क्षेत्र । शनिबार राति परेको हिउँले मुक्तिनाथ क्षेत्रअन्तर्गत रानीपौव बजार, झारकोट र बसपार्क क्षेत्र सेताम्मे बनेको थियो। तस्बिरः सुशीलबाबु थकाली/रासस

# नेपाली लेखक संघ कास्कीको अध्यक्षमा अथक

पोखरापत्र संवाददाता
पोखरा, २२ चैत



नेपाली लेखक संघ कास्कीको छैटौं अधिवेशनले कमल पौडेल अथकको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

समितिको उपाध्यक्षमा चन्द्रावती वाग्ले, सचिवमा रोशन तिमिल्सिना, सह सचिवमा वसन्त चालिसे, कोषाध्यक्षमा गायत्री पराजुली र सदस्यमा भेषराज पौडेल निर्वाचित भएका छन् । संघका सल्लाहकार लक्ष्मी थापाको संयोजकत्वमा गठित हीममाया पौडेल र अमृत क्षेत्री सदस्य रहेको निर्वाचन समितिले सो नयाँ कार्यसमिति निर्वाचित गरेको हो । समितिका वाँकी सदस्य तथा सल्लाहकारहरु अब बस्ने कार्यसमिति बैठकले चयन गर्ने लेखक संघ कास्कीका अध्यक्ष कमल पौडेल अथकले जानकारी दिएका छन् । नव निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक लक्ष्मण थापा, सदस्य हीममाया पौडेल, अमृत क्षेत्री र सल्लाहकार डा. लक्ष्मीशरण अधिकारीले अविर, खादा र प्रमाण पत्र प्रदान गरेका थिए । नव निर्वाचित कार्यसमितिलाई यस अघिको समितिले माईन्यूट हस्तान्तरण गरेको थियो । यस अघि अधिवेशनको उद्घाटन गर्दै संघका सल्लाहकार प्रा डा लक्ष्मीशरण अधिकारीले लेखकीय स्वतन्त्रता सहित लोकतन्त्रवादी लेखक साहित्यकारको जमघट हुने थलो लेखक संघ भएको बताए । उनले देशको कठिन घडीमा लेखक साहित्यकारहरूको सिर्जनाले विशेष अर्थ राख्ने धारणा व्यक्त गरे । संघका अध्यक्ष रीता अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय उपाध्यक्ष इश्वरमणि अधिकारी, प्रदेश अध्यक्ष दीपक समीप उपाध्यक्ष कमल पौडेल अथक र सचिव सञ्जय न्यौपाने प्राञ्जलले बोलेका थिए ।

# माथिल्लो मुस्ताङ र मुक्तिक्षेत्रमा हिमपात

पोखरापत्र संवाददाता
मनाङ, २२ चैत

माथिल्लो मुस्ताङ क्षेत्र र मुक्तिनाथ क्षेत्रमा हिमपात भएको छ । शनिबार रातिदेखि उक्त क्षेत्रमा भारी हिमपात भइरहेको जनाइएको छ ।

हिउँदयाम जारी रहँदा जिल्लाको माथिल्लो क्षेत्र र मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएको हो । यसअघि यहाँ कात्तिक १० गते पहिलो हिमपात भएको थियो। यहाँ पछिल्लोपटक परेको हिमपातसँगै जारी यामको यो छैटौंपटक हिमपात भएको बताइएको छ ।

माथिल्लो मुस्ताङ क्षेत्रका बस्ती र उच्च लेकमा शनिबार रातिदेखि भारी हिमपात भएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । वारागुङ मुक्तिक्षेत्र-३ स्याङ्वचेदेखिकोरलानाकासम्मको क्षेत्रमा हिमपातले पूरै डाँडाकाँडा सेताम्मे भइसकेका छन् । उहाँका अनुसार माथिल्लो मुस्ताङमा बस्ती क्षेत्रमा एक फिटसम्म हिउँ परेको उल्लेख गर्नुभयो ।

स्वाङ्वचेदेखि माथि घिलिङ, घमी, चराङ, लोमान्थाङ, ठिङ्गर, छोसेर, सम्जुङ, नामासुङ, भर्सा, यारा, घारा, ढी र सुर्खाङलगायत स्थानमा छैटौंपटक भारी हिमपात भएको हो । हिमपातका कारण स्थानीय जनजीवन प्रभावित बनेको लोमान्थाङ गाउँपालिकाका कर्मचारी उदय तिमिल्सिनाले जानकारी दिनुभयो । "शनिबार रातिदेखि परेको हिमपात अझै रोकिएको छैन, हिउँ पर्ने क्रम निरन्तर छ, अझै पनि हिउँ पर्ने क्रम साँझसम्म रहेमा दुई फिट बढी हिउँ जम्ने अवस्था छ", उहाँले भन्नुभयो । जारी यामको छैटौंपटकको हिमपातका कारण माथिल्लो मुस्ताङमा उच्च लेकका चरन क्षेत्र पूरै हिउँले ढाकिएर सेताम्मे बनेका छन् । हिमपातसँगै माथिल्लो मुस्ताङमा तापक्रम घट्दै गइरहेको छ । यसका कारण स्थानीय नागरिक तथा पशुपालन गर्ने किसानलाई हिउँले सास्ती पुऱ्याएको छ ।

माथिल्लो मुस्ताङमा बर्सेनि एक बाली खेती हुन्छ । त्यहाँका नागरिक हिउँदयामको जाडो छलेर गाउँ फर्किएपछि बर्खेबाली लगाउने प्रचलन छ । बर्खेखेती सुरु हुने बेला हिमपात भएकाले किसानलाई फाइदा पुग्ने बताइएको छ । त्यसैगरी, यहाँको वारागुङ मुक्तिनाथ क्षेत्रमा शनिबार राति हिमपात भएको छ। वारागुङ मुक्तिक्षेत्र-१ स्थित खिङ्गा, झारकोट, पुडाक, छेङ्गुर र मुक्तिनाथलगायत स्थानमा भारी हिमपात भएको मुक्तिनाथका स्थानीय कैसाङ ठोक्या ठकुरीले जानकारी दिनुभयो । हिमपातका कारण मुक्तिनाथ दर्शनार्थीलाई आशिंक रूपमा केही अप्ठ्यारो भए पनि हिमपातको सौन्दर्यताले पर्यटकमा उत्साह थपिएको उहाँको भनाइ छ ।

त्यसैगरी माथिल्लो मुस्ताङ र मुक्तिनाथ क्षेत्रमा भारी हिमपात हुँदा मुस्ताङको जोमसोमदेखि तल्लो क्षेत्रमा भारी वर्षा भएको छ । घरपझोङका कृषि शाखा अधिकृत रोशन थकालीका अनुसार स्याउको फूल फुल्ने बेलामा भारी वर्षा भएकाले स्याउखेतीमा असर पुऱ्याएको बताउनुभयो । "स्याउ बोटमा फूल फुल्न थालिसकेको छ, स्याउका फूलमा परागसेचन हुने समय पनि हो, अधिकृत थकालीले भन्नुभयो, "यस्तो बेलामा हिमपात र वर्षा हुनु किसानका लागि राम्रो होइन ।"

जलवायु परिवर्तनको असर हिमाली जिल्लामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पर्न थालेको जानकारहरू बताउँछन् । यसअघि मुस्ताङमा लगातर तीन वर्ष हिउँ पर्न सकेको थिएन । यस सिजनमा छपटकसम्म हिउँ पर्नु जलवायुको असर भएको विश्लेषण गरिएको छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा असमान प्रकारको हिमपात हुँदा कुनै वर्ष भारी हिमपात हुने, कुनै वर्ष आंशिक हिमपात र कुनै वर्ष हिउँ नै नपर्नेजस्ता प्राकृतिक असर देखिन थालेका हुन् ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सूक्तिसुधा**

बितेका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# इन्धनको भाउ बढेपछि पर्यटक घटे

इन्धनको मुल्यवृद्धि भएसँगै हवाई हरेक क्षेत्रमा मूल्य बढेको छानेपाल आयल निगमले इन्धनको मूल्य बृद्धीसंगै हवाई जहाजको भाडादर उच्च भएको छ । बुधबार नेपाल आयल निगमले उड्यन टर्बाइन इन्धन (एटिएफ) दर बढाएर इतिहासकै सबैभन्दा उच्च पुऱ्याउने रेकर्ड बनाएको छा काठमाडौंमा अन्तर्राष्ट्रिय उडानका लागि एटिएफ मूल्य ७७ दशमलव ६३ प्रतिशतले बढेर १ हजार ७१६ डलर प्रति किलोलिटर पुग्यो । यसअघिको उच्च दर, गत जुन २०२२ मा १६ सय ४५ डलर थियो । घरेलु उडानका हकमा इन्धनको मूल्य ९७ दशमलव ६३ प्रतिशत बढेर प्रतिलिटर २५१ पुगेको छ । यसअघिको उच्च दर सेप्टेम्बर २०२२ मा १९० प्रतिलिटर थियो ।

पश्चिम एसियामा जारी द्वन्द्वले ऊर्जाको मुल्यवृद्धि भएसँगै त्यसको असर नेपालमा पनि परेको हो । जसले पर्यटन क्षेत्रलाई प्रत्यक्ष मार पारेको छ। 'पर्यटन क्षेत्रमा ठूलो असर देखिएको छ,'। 'पश्चिम एसिया द्वन्द्वले कम प्रभाव परेका जापान, मलेसिया, चीन, भारतजस्ता देशबाट पर्यटक आउने अपेक्षा थियो । तर, इन्धन मूल्यवृद्धिले निराशामा बदलिदिएको छायुद्धले सबै क्षेत्रमा असर पुऱ्याउँछ भन्ने उदाहरण मात्र दिने गरेका छन । टिकेटिङ एजेन्टहरूका अनुसार पर्यटन सिजनका लागि यसअघि नै टिकट किनिसकेका प्रायः यात्रुहरू प्रभावित नहोलान् । तर, मूल्य बढेसँगै नयाँ बुकिङ भने घटेको छ । 'शुक्रबारदेखि टिकटको मूल्य दोब्बरभन्दा धेरै पुगेको व्यवसायीको भनाइ मार्मिक छ। हाम्रा साशकले धेरै सिक्ने गर्नु पर्नेछ।

काठमाडौंबाट सिड्नी जान अहिले १ लाख ९० हजार भाडा लाग्छ। विगतमा ८० हजार लाग्थ्यो। जापान जान ८० हजार लाग्थ्यो, अहिले १ लाख ३० हजार लाग्छ। बैंकक-काठमाडौं रुटमा सबैभन्दा धेरै भाडा वृद्धि भएको छ। पहिला यहाँ ३५ हजारमा पुग्न सकिन्थ्यों, अहिले १ लाख ५ हजार छ। काठमाडौंदेखि क्वालालम्पुरका सबै टिकट बिक्री भइसकेका छन्। फेब्रुअरीमा ४० हजार रहेको टिकट शुल्क १ लाख ७० हजार पुगेको छ। जसले नेपाली आप्रवासी कामदारलाई ठूलो प्रभावित गर्नेछ।

तर, सबै रुटमा यस्तै खालको वृद्धि भने छैन्। विगतमा १५ हजार भाडा रहेको काठमाडौं-दिल्ली हवाइ भाडादर अहिले थोरैले बढेर १८ हजार पुगेको छ। विगतमा ७० हजार भाडा लाग्ने दक्षिण कोरिया-काठमाडौं रुटमा भाडा ८७ हजार पुगेको छ । 'हामीले अहिलेसम्म भाडावृद्धिले धेरै फ्लाइट स्थगित भएको देखिसकेका छैनौं,' टिकेटिङ एजेन्ट लामाले भने, 'तर, आगामी साताहरूमा वास्तविक असर ठूलो देखिने जस्तो छ।'

सिजन सुरु हुने बेलामा भएको हवाई भाडा वृद्धिले नेपाललाई ठूलो असर गर्ने पर्यटन व्यवसायीहरूको बुझाइ छ । 'विश्वभर मानिसहरू पश्चिम एसिया नजाने र सुरक्षित गन्तव्यको खोजीमा छन् । यसको फाइदा नेपाललाई हुनुपर्ने थियो,'। 'भाडा बढ्दा उनीहरू भ्रमण स्थगित वा सार्न बाध्य छन् । अवस्था चुनौतीपूर्ण छ ।' नेपालको पर्यटन सिजनको सुरुवाती दिन उत्साहप्रद नै थियो । अफ-सिजन महिना भए पनि जनवरीमा गत वर्षको दाँजोमा १५ दशमलव ५ प्रतिशतले आगमन वृद्धि भएको थियो। फेब्रुअरीमा गत वर्षको दाँजोमा ८ दशमलव ८ प्रतिशतले मानिस बढेका थिए।

ट्रेकिङ र आरोहणको पिक सिजनको सुरुवाती महिना मार्चमा गत वर्षको दाँजोमा २० प्रतिशतले पर्यटक बढ्ने अपेक्षा अपरेटरहरूको थियो । किनकी यतिबेला नेपालमा राजनीतक स्थायित्व र बुकिङ राम्रो भइसकेको थियो । तर, पर्यटक घटे। गत वर्षको दाँजोमा यस वर्ष मार्चमा १ प्रतिशतले पर्यटक घटेका छन्। आधिकारीक तथ्यांकअनुसार उक्त महिना १ लाख २० हजार ५१६ जना पर्यटक मात्रै नेपाल आए । पर्यटकको सिजनमा कम देखिनु उदेक लाग्नु हो यसले पर्यटक क्षेत्रमा ठूलो असर पर्न सक्ने छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मार्ग खुलेको १६ सडक वर्षपछि स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ चैत

यहाँको मङ्गला गाउँपालिका-३ बरङ्जामा मार्ग खुलेको १६ वर्षपछि स्तरोन्नति भएको छ। मङ्गला गाउँपालिका-३ र ४ नम्बर वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पखेर-बरङ्जा सडकको पखेर-आलडाँडा खण्ड स्तरोन्नति भएको हो।

गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत तीन किलोमिटर ५०० मिटर दूरीमा सडक ग्राभेल र ढलान गर्न आर्थिक वर्ष २०८०/८१ देखि पखेर-बरङ्जा-३ र ४ हुँदै महेश-धापुङ-ताराखोला सडक योजना निर्माण सुरु गरेको थियो।

निर्माण कम्पनीले विसं २०८१ असारमा रु पाँच करोड ८६ लाख तीन हजारमा ठेक्का सम्झौता गरेको योजना निर्धारित समयभित्रै सम्पन्न भएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताउनुभयो । "अठार महिनाको ठेक्का अवधि भएको यो योजनाको लक्ष्यअनुसारको भौतिक प्रगति भएको छ", उहाँले भन्नुभयो, "बजेट अभावका कारण निर्माण व्यवसायीलाई भुक्तानी दिन नसक्दा वित्तीय प्रगति भने कम छ।" विसं २०६६ मा मार्ग खुलेको यो सडकलाई सात मिटरका दरले फराकिलो बनाएर नाली र टेवा पर्खाल निर्माण भएको छ। घुम्ती र उकालोमा पाँच सय ५० मिटर सडक ढलान भएको छ। ग्रेड र घुम्ती सुधार भएको छ।

बरङ्जा खर्कटोलका मिलन रोकाका अनुसार यसअघि तीनदेखि तीन दशमलव पाँच मिटर फराकिलो कच्ची सडकको घुम्ती, ग्रेड नमिलेको, साँघुरो सडक जोखिमयुक्त थियो। "यसअघि जिप, ट्र्याक्सी र ट्र्याक्टर मुस्किलले चल्ने यो सडकमा अहिले दश चक्के ट्रक गाउँमै आउन थालेका छन्", उहाँले भन्नुभयो, "बरङ्जादेखि बेनी पुग्न एक घण्टा लाग्ने गरेकामा सडक स्तरोन्नति भएपछि यात्राअवधि ३० मिनेटमा छोटिएको छ।" भिरालो पाखाको घुम्तीमा गाडी पार गराउन पछाडि लैजानुपर्ने समस्या हटेको छ । बरङ्जामा उत्पादन भएको दूध, सुन्तला, तरकारीलगायत कृषि उपज बजारमा बिक्रीका लागि लैजान सहज भएको छ । बरङ्जादेखि थामडाँडा-सुर्केमेला हुँदै बेनी जोड्ने घुमाउँरो कच्ची सडकमा यात्रा गर्नुपर्ने अवस्था हटेको रोकाले बताउनुभयो। सडक स्तरोन्नति भएकामा बरङ्जावासी उत्साही भएका सडक निर्माण समितिका तत्कालीन अध्यक्ष मोहनलाल सापकोटाले बताउनुभयो । "अप्ठ्यारो ठाउँको खण्डमा अहिले सडक सहज भएकामा खुसी छौँ", उहाँले भन्नुभयो, "पखेरदेखि झाँक्रीपानीसम्मको सबै ११ किलोमिटर सडकलाई स्तरोन्नति गर्न सकेमा अझै सहज हुने थियो।" बरङ्जा म्याग्दीको धेरै जनघनत्व भएको साविकको गाविस हो । मङ्गला गाउँपालिकाको ३, ४, ५ नम्बर वडा र बागलुङको ताराखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने रणनीतिक महत्वको यस सडकलाई स्तरोन्नतिका लागि प्राथमिकता दिएको म्याग्दी १ (ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो। चालु आर्थिक वर्षमा रु एक करोड ३९ लाख बजेट विनियोजन भएको यस योजनाका निर्माण व्यवसायी जीवन रोकायाले रु ८० लाख भुक्तानी पाउन बाँकी रहेको बताउनुभयो। निर्माण सामग्री आपूर्तिकर्ता र मजदुरहरूलाई ज्याला दिन समस्या भएको उहाँले गुनासो गर्नुभयो।

# पोखरा आदर्श माविमा कक्षा १२ का विद्यार्थीलाई बिदाइ

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



पोखराको बगरस्थित पोखरा आदर्श माध्यमिक विद्यालयमा कक्षा १२ का विद्यार्थीहरूलाई शनिबार एक भव्य तथा भावनात्मक वातावरणबीच बिदाइ गरिएको छ। जीवनको महत्वपूर्ण मोड–अन्तिम बोर्ड परीक्षाको तयारीमा रहेका विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्दै विद्यालयले विशेष बिदाइ कार्यक्रम आयोजना गरेको हो।

कक्षा ११ का विद्यार्थीहरूको संयोजनमा सम्पन्न उक्त कार्यक्रम विद्यालय सञ्चालक समिति अध्यक्ष कमलराज सापकोटा र सदस्य विश्वराज अधिकारीले ब्यानरमा हस्ताक्षर गरी औपचारिक रूपमा उद्घाटन गरेका थिए।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष सापकोटाले बिदाइ हुने विद्यार्थीहरूलाई विद्यालयसँगको सम्बन्ध सधैं जीवित राख्न आग्रह गर्दै भविष्यका हरेक यात्रामा सफलताको शुभकामना व्यक्त गरे। विद्यालयका प्राचार्य फणिन्द्र प्रसाद अधिकारीले "एक पटक पोखरा आदर्शसँग सम्बन्ध जोडिएपछि विद्यार्थीहरू सधैंका लागि यही परिवारका सदस्य हुन्" भन्ने भाव व्यक्त गर्दै विद्यालयप्रतिको आत्मीयता कहिल्यै नटुट्ने विश्वास व्यक्त गरे। स्कुल निर्देशक नारायण न्यौपानेका अनुसार कार्यक्रमका क्रममा व्यवस्थापन र विज्ञान सङ्कायका विद्यार्थीहरूले विभिन्न सेमिनारमा सहभागी भई हासिल गरेका प्रमाणपत्रहरू वितरण गरिएको थियो । त्यस्तै होटल म्यानेजमेन्टका विद्यार्थीहरूलाई २ महिने कफी बनाउने तालिम सम्पन्न गरेको प्रमाणपत्र हस्तान्तरण गरियो, जसले उनीहरूको व्यावसायिक सीप अभिवृद्धिमा थप टेवा पुऱ्याउने विश्वास गरिएको छ।

विज्ञान सङ्काय संयोजक बलराम सुबेदीले जीवनमा जति नै उच्च स्थान हासिल गरे पनि आफ्नो मूल, अभिभावक र विद्यालयलाई कहिल्यै नबिर्सन आग्रह गर्दै बिदाइ हुने विद्यार्थीहरू विद्यालयका अमूल्य सम्पत्ति भएको उल्लेख गरे। त्यसैगरी बिहानी सत्र संयोजक कुशल तिमिल्सिना ले विद्यार्थीहरूलाई अन्तिम परीक्षाको तयारीमा अझै मेहनत गर्न प्रेरित गर्दै उत्कृष्ट नतिजाको अपेक्षा व्यक्त गरे।

कार्यक्रमका विशेष आकर्षणका रूपमा 'कक्षा १२ का उत्कृष्ट १२ विद्यार्थी' शीर्षक अन्तर्गत अमन लोहनी, सुस्मिता बास्तोला, यकेन्द्र गर्बुजा, सारिका पराजुली, योगराज ढुंगाना, शिल्पीका त्रिपाठी, मनिका आचार्य, रश्मि अधिकारी, मनिष सुबेदी, स्मृति बस्नेत, सपना आचार्य र सुगम कुँवरलाई सम्मान गरिएको थियो। त्यसैगरी अघिल्लो वर्ष बोर्ड परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने प्रदीप सुनार, सुशांक बास्तोला, रोहित कुँवर, सलिना जैसी, समीक्षा ढुंगाना, सुजन अधिकारी, सुशान्त सुनार र रोहित तामाङलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा कक्षा ११ का विद्यार्थीहरूले आकर्षक सांस्कृतिक तथा सांगीतिक प्रस्तुतिहरू प्रस्तुत गरी बिदाइ समारोहलाई अझ रंगीन र स्मरणीय बनाएका थिए । शिक्षकहरू भोला अर्याल, लक्ष्मण तिमिल्सिना, ज्योति त्रिपाठी, हरि देवकोटा, आविष्कार गौतम, नवीन अधिकारी र योगेश पहारी लगायतले संयुक्त रूपमा बिदाइ हुने विद्यार्थीहरूलाई अबिर, खादा र मायाको चिनो प्रदान गर्दै भावनात्मक बिदाइ दिएका थिए।

पुरस्कार वितरणका क्रममा विद्यालय निर्देशक नारायण न्यौपानेले कक्षा ११ का विद्यार्थीहरूलाई सम्मानित विद्यार्थीहरूबाट प्रेरणा लिन आग्रह गर्दै भविष्य निर्माणका लागि अहिलेको मेहनत निर्णायक हुने बताए । कार्यक्रमको सञ्चालन उपप्राचार्य ज्ञानेश्वर सुबेदी तथा विद्यार्थी प्रतिनिधि साइना बुद्धाचार्य र सुहाना सुबेदीले संयुक्त रूपमा गरेका थिए।

# कलश सहकारीद्वारा क्यालेन्डर विमोचन तथा शुभकामना कार्यक्रम



**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

कलश बचत तथा ऋण सहकारी संस्था लि., न्युरोडले आउदै गरेको नयाँ वर्ष २०८३ को अवसरमा क्यालेन्डर विमोचन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाले नयाँ बर्षको अवसरमा आपसी सद्भाव, सहकार्य र शुभेच्छा साटासाट गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ।

कार्यक्रममा संस्थाका अध्यक्ष सुदीप अधिकारीले नयाँ वर्ष २०८३ ले सम्पूर्ण शेयर सदस्य, तथा शुभेच्छुकहरूमा सुख, शान्ति र समृद्धि ल्याओस् भन्ने कामना व्यक्त गरे । उनले सहकारीले आर्थिक समृद्धिका साथै सामाजिक उत्तरदायित्व वहन गर्दै अघि बढिरहेको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी सेवा विस्तार गर्ने प्रतिबद्धता जनाए। त्यस्तै, लेखा सुपरिवेक्षण समिति संयोजक विजेन्द्र शर्मा पौडेलले सहकारी संस्थामा पारदर्शिता, उत्तरदायित्व र अनुशासनको महत्व औंल्याउँदै नयाँ वर्षले संस्थालाई थप सुदृढ र विश्वासिलो बनाउने विश्वास व्यक्त गरे । उनले सदस्यहरूको सक्रिय सहभागिता र सहयोगबाट सहकारीको दिगो विकास सम्भव हुने धारणा राखे । कोषाध्यक्ष एकराज गिरीले नयाँ वर्षले आर्थिक गतिविधिमा सकारात्मक ऊर्जा ल्याउने विश्वास व्यक्त गर्दै सबैमा शुभकामना व्यक्त गरे।

उक्त अवसरमा नयाँ वर्ष २०८३ को क्यालेन्डर संस्थाका अध्यक्ष सुदीप अधिकारी, लेखा समिति संयोजक विजेन्द शर्मा पौडेल, कोषाध्यक्ष एकराज गिरी, उपाध्यक्ष मधु सुबेदी, व्यवस्थापक विनिता शर्मा अधिकारी, सचिव रुपकराज मिश्र, शिक्षा उपसमिती संयोजक सन्जय मल्ल तथा सदस्यहरू प्रभा राजभाट, आनन्द भुषाल र पुष्पराज त्रिपाठीले संयुक्त रूपमा लोकार्पण गरेका थिए । कार्यक्रममा संस्थाका पदाधिकारी, सदस्यहरुले नयाँ बर्षको शुभकामना राखेका थिए।

# डिष्ट्रिक्ट ३२५ जे नेपालको चौथो कन्भेन्सन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत




लायन्स इन्टरनेसनल डिष्ट्रिक्ट ३२५ जे नेपालको चौथो डिष्ट्रिक्ट कन्भेन्सन सम्पन्न भएको छ । पोखरा इभेन्ट सेन्टरमा भएको भव्य कन्भेन्सनबाट आगामी लायन वर्षका २०२६/२७ लागि डिष्ट्रिक्ट गभर्नरमा प्रजापती बास्तोला, फस्ट भाईस डिष्ट्रिक्ट गभर्नरमा कुश प्रसाद मल्ली र सेकेन्ड भाईस डिष्ट्रिक्ट गभर्नरमा कृष्ण प्रसाद शर्मा निर्वाचित भएका छन्।

कन्भेन्सनमा उपस्थित प्रमुख अतिथि इन्टरनेसनल डाइरेक्टर पंकज मेहता र विशेष अतिथिका रुपमा उपस्थित पाष्ट इन्टरनेसनल डाइरेक्टर सञ्जय खेतानले नेपालमा लायन्स क्लबले गरेको कार्यको प्रशंसा गर्दै मेम्बरसिप ग्रोथमा अझ ध्यान दिन आग्रह गरे।

लायन्स क्लब अफ पोखरा अन्नपूर्णले व्यवस्थापन गरेको उक्त कार्यक्रम ऐतिहासिक र स्मरणीय बनेको कार्यक्रमका अध्यक्ष तथा हालका डिष्ट्रिक्ट गभर्नर मिलन बाबु मल्लले जानकारी दिए।

डिष्ट्रिक्ट गभर्नर इलेक्ट बास्तोलाले क्याबिनेट सचिवमा जीवन गोर्खाली, क्याबिनेट कोषाध्यक्षमा पुरुषोत्तम प्रसाद पराजुलीलाई मनोनित गरेका छन्। त्यसैगरी चिफ एडभाईजरमा राजु श्रेष्ठ र चिफ गभर्नर एडमा रामराजा थापालाई मनोनित गरेका छन्।

कार्यक्रममा मल्टिपल काउन्सिल चियरपसर्न तथा आईपिडिजी मिलन थापा, मल्टिपल फस्ट पर्सन, मल्टिपल काउन्सिल मेम्बर तथा पिडिजी ध्रुब बहादुर थापा, मल्टिपल कोअर्डिनेटर तथा पिडिजी योगेन्द्र प्रधान, मल्टिपल डिष्ट्रिक्ट चियरपर्सन तथा पिडिजी हरि प्रसाद मरहट्टा, पाष्ट मल्टिपल काउन्सिल चियरपर्सन प्रेम बहादुर श्रेष्ठ, पिडिजी ध्रुव श्रेष्ठ लगायत अन्य डिष्ट्रिक्टबाट उपस्थित अतिथिसहित १ हजार भन्दा बढी लायन्स र लियो सदस्यहरुको उपस्थिती थियो।

क्याबिनेट सेक्रेटरी पुरुषोत्तम बस्नेतले सञ्चालन गरेको उक्त कन्भेन्सन कार्यक्रममा उत्कृष्ट कार्य गर्ने लायन्स लिडरहरुलाई सम्मान गरिएको थियो । कन्भेनर सुर्य प्रसाद बरालले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए । त्यसैगरी उक्त दिन सम्पन्न लियो डिष्ट्रिक्ट काउन्सिल ३२५ जे नेपालको कन्भेन्सनबाट आगामी वर्षका लागि लियो डिष्ट्रिक्ट प्रेसिडेन्टमा आशिष थापा र लियो भाईस डिष्ट्रिक्ट प्रेसिडेन्टमा माधव तिमल्सिना निर्वाचित भएका छन्। इलेक्ट लियो प्रेसिडेन्ट थापाले लियो डिष्ट्रिक्ट सचिवमा सहनसिल बराल र कोषाध्यक्षमाबिनिता बोगटीलाई मनोनित गरेका छन्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, बाँझापाटन स्थित बाँझापाटन (ख) मार्ग सडक स्तरोन्नती कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| योजनाको नाम | : बाँझापाटन (ख) मार्ग सडक स्तरोन्नती |
| सदस्य संख्या | : ९ जना (४ जना महिला) |
| उपभोक्ता समितिको नाम | : बाँझापाटन (ख) मार्ग सडक स्तरोन्नती समिति |
| उ.स. अध्यक्षको नाम | : हरि प्रसाद सिग्देल |
| योजना सम्झौता मिति | : २०८२/०८/२४ |
| योजना सुरु हुने मिति | : २०८२/०८/२५ |
| योजना सम्पन्न हुने मिति | : २०८२/०९/३० |
| पोखरा-१३ बाट प्राप्त | : रू. ४,००,०००/- |
| जन सहभागिता | : रू. ४४,४४४/- |
| जम्मा लागत खर्च | : रू. ४,४४,४४४/- |

**बाँझापाटन (ख) मार्ग सडक स्तरोन्नती उपभोक्ता समिति**
पोखरा-१३, कास्की

# लिटिल स्टेप मा.वि.मा शुभकामना आदानप्रदान तथा स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत

लिटिल स्टेप मा.वि.मनव वर्ष २०८३ को अवसरमा शुभकामना आदान-प्रदान तथा स्वास्थ्य परीक्षण कार्यक्रम शनिबार सम्पन्न गरेको छ।

विद्यालयमा आयोजित उक्त कार्यक्रममा ३०० भन्दा बढी विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवाला महानुभावहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रम संस्थापक अध्यक्ष शेर बहादुर गुरुङको अध्यक्षतामा तथा संस्थापक प्रिन्सिपल पाम्फा गुरुङको विशेष उपस्थितिमा सम्पन्न भएको थियो । कार्यक्रममा उपस्थित सहभागीहरूले उहाँहरूको विद्यालयप्रति गरेको योगदान, समर्पण र दीर्घकालीन दृष्टिको उच्च प्रशंसा गरेका थिए । विद्यालय निर्माण र विकासमा उहाँहरूले पुऱ्याएको योगदानलाई सबैले प्रेरणादायी विरासतका रूपमा स्मरण गरेका थिए। कार्यक्रममा पोखरा भ्याली नगर विकास समितिका पूर्व अध्यक्ष दुर्गा प्रसाद तिमिल्सिना र प्रगतिआमा समूहकी अध्यक्ष कुलमाया पौडेलले विद्यालयको नयाँ व्यवस्थापन टोलीको आगमनले विद्यालयको शैक्षिक स्तर उच्च बनाउने विश्वास व्यक्त गरे। कार्यक्रममा सहभागीहरूबीच नव वर्षको शुभकामना आदान-प्रदान, आपसी भेटघाट तथा सौहार्दपूर्ण संवाद सम्पन्न भएको थियो । सोही अवसरमा विद्यालयको नयाँ व्यवस्थापन टोलीले आगामी शैक्षिक योजना, नवीन सोच, आधुनिक शैक्षिक दृष्टिकोण तथा संस्थागत विकासका भावी नीतिहरू प्रस्तुत गरेको थियो, जसले सहभागीहरूमा उत्साह र सकारात्मक अपेक्षा सिर्जना गरेको देखिएको थियो ।

कार्यक्रमको विशेष आकर्षणको रूपमा सञ्चालन गरिएको निःशुल्क सामान्य स्वास्थ्य परीक्षणमा २०० भन्दा बढी सहभागीहरूले स्वास्थ्य जाँच गराएका थिए । यस पहलमार्फत सहभागीहरूले आफ्नो स्वास्थ्य अवस्थाबारे प्रारम्भिक जानकारी प्राप्त गरेका थिए, जसलाई समुदायले अत्यन्त उपयोगी र सराहनीय कदमका रूपमा लिएको छ । कार्यक्रमकै क्रममा विद्यालयले आगामी चैत २५ गते महिलाहरूका लागि पाठेघर सम्बन्धी स्क्रीनिङसहितको विशेष स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिने घोषणा गरेको छ। साथै, चैत २७ गते आयोजना हुने नतिजा प्रकाशन कार्यक्रममा दन्त स्वास्थ्य परीक्षण सेवा पनि उपलब्ध गराइने जानकारी दिइएको छ।

विद्यालय व्यवस्थापन समितिका अनुसार, यस्ता कार्यक्रमहरूले विद्यालय, अभिभावक र समुदायबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने मात्र नभई विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ । आगामी दिनमा पनि यस्ता शैक्षिक, सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइने जानकारी दिइएको छ।

# फिस्टेल युनिभर्सिटी फेयर २०२६ सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



पोखरा १७ तल्लो बिरौटा, कास्कीमा रहेको फिस्टेल एकेडेमी स्कुलले 'फिस्टेल युनिभर्सिटी फेयर २०२६' सम्पन्न गरेको छ।

शनिवार विद्यालयमा आयोजना भएको कार्यक्रममा विद्यार्थी तथा अभिभावकहरूले उच्च शिक्षा अध्ययनका लागि एकै ठाउँबाट विविध जानकारी प्राप्त गरे। 'घर त्यो हो, जहाँ भविष्य छ' भन्ने मूल नाराका साथ सञ्चालित कार्यक्रमले उच्च शिक्षाका लागि नेपालमा रहेको सम्भाव्यतालाई उजागर गर्ने काम गऱ्यो। कार्यक्रममा काठमाडौं विश्वविद्यालयका डीन प्रा.डा.बालचन्द्र लुईंटेलले नेपाली विश्वविद्यालयमा विद्यार्थी घट्नुको कारण राज्यको अव्यवस्था र विश्वमा आइहेको फरक सोँच हो भन्दै विश्वविद्यालयका कक्षाकोठादेखि प्रशासनसम्मका पारदर्शीताको आवश्यकता रहेको विचार प्रस्तुत गरे। गण्डकी विश्वविद्यालयका उपकुलपति डा.कृष्णराज अधिकारीले नेपालका विश्वविद्यालयलाई अनुसन्धानमुखी बनाउनुपर्ने, विश्वबजारले खोजेजस्तो जनशक्ति उत्पादनमा जोड दिनुपर्ने, पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन र परिवर्तन गर्नुपर्ने तथा पढाइलाई कमाइसँग जोड्नुपर्ने कुरामा जोड दिए। नेपाली विश्वविद्यालय तथा उच्च शिक्षालयहरूको वर्तमान अवस्था र आगामी योजना तथा नेपालमा उच्च शिक्षाको अवसर र चुनौती विषयक प्यानाल छलफलमा काठमाडौं विश्वविद्यालयका डीन प्रा.डा. बालचन्द्र लुईंटेल, गण्डकी विश्वविद्यालयका उपकुलपछि डा.कृष्णराज अधिकारी, ला ग्रान्डी इन्टरनेसनल कलेजका प्रमुख ई. किरण के.सी., काठमाडौं विश्वविद्यालय व्यावसायिक शिक्षा केन्द्रका प्रमुख राजेन्द्र दाहाल तथा युलेन्स शिक्षा विकास केन्द्रका निर्देशक सञ्जय अधिकारी सहभागी भएका थिए। सो कार्यक्रमको सहजीकरण कार्यक्रम संयोजक ममता थपलियाले गरेकी थिइन् । कार्यक्रममा पोखरा इन्जिनियरिङ कलेज, पोखरा कलेज अफ मेनेजमेन्ट, ला ग्रान्डी इन्टरनेसनल कलेज, काठमाडौं कलेज अफ मेनेजमेन्टलगायतले विद्यार्थी तथा अभिभावकहरूलाई आफ्ना कार्यक्रमहरूका बारेमा अवगत गराएका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिनु रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थी निर्वाणप्रसाद कर्माचार्यले पनि बोलेका थिए।

# अलपत्र घुमाउने पुलको काम तत्काल सुरु गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
दमौली, २२ चैत

विगत १२ वर्षदेखि अलपत्र रहेको तनहुँ र चितवन जोड्ने त्रिशूली नदीमाथिको घुमाउने पुलको काम तत्काल सुरु गर्न निर्देशन दिइएको छ । सडक डिभिजन कार्यालय दमौलीले निर्माण कम्पनीलाई पत्राचार गरेर सो निर्देशन दिएको हो।



घुमाउने पुलको संशोधित डिजाइन निर्माण व्यवसायीबाट पेस भएकामा चैत १५ गतेको सडक विभागको विभागीय निर्णयअनुसार डिजाइनको सम्पूर्ण जिम्मेवारी लिई निर्माण व्यवसायीबाट पेस भएको 'स्पेसिफिकेसन'सहितको ' डिजाइन' तेस्रो पक्षको विज्ञबाट जाँच भएकाले निर्माण अगाडि बढाउन निर्देशन दिइएको सडक डिभिजन कार्यालयका प्रमुख राजीव श्रेष्ठले बताउनुभयो।

घुमाउनेमा पुल नबन्दा यस भेगका जनताले सास्ती खेपिरहेको र पटकपटक मन्त्री, सांसद, सडक डिभिजनमा ध्यानाकर्षण र सरोकारवाला निकाय घेराउसमेत गरेका थिए । गत निर्वाचनताका सबै उम्मेदवारले पुल निर्माणलाई प्राथमिकता दिने हस्ताक्षरसहितको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

पुल निर्माण सङ्घर्ष समितिका संयोजक सिद्धान्त थापामगरले पुल निर्माण नहुँदा यस भेगका जनताले सास्ती खेपिरहेको बताउनुभयो।घुमाउनेपुलनिर्माणका लागि सम्झौता भएको १२ वर्ष बितिसक्यो । सम्झौताअनुसार काम भएको भए यतिबेला पक्की पुल बनिसक्थ्यो । घुमाउनेमा पुल निर्माण थालिए पनि अहिलेसम्म दुईतिरको भागमा पिलरमात्र ठडिएको छ । मृत सञ्जीवनी निर्माण कम्पनी हेटौंडासँग पहिलोपटक विसं २०७० असारमा उक्त पुल निर्माणका लागि सम्झौता भएको थियो।

बारम्बारको म्याद थप र डिजाइन परिवर्तनपछि विसं २०७५ माघमा निर्माणका लागि पुनः सम्झौता गरेकामा २०७८ साल चैतमा पुल निर्माण सकिनुपर्नेमा अहिलेसम्म जम्मा करिब ३६ प्रतिशतमात्र काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ । उक्त पुल निर्माणका लागि २०८३ साल असार मसान्तसम्मका लागि म्याद थप गरिएको छ। गण्डकी प्रदेशको राजधानी पोखरा र चितवनबीचको कम दूरीमा सजिलै आवतजावत गर्न सकिने तनहुँ जिल्लाको सदरमुकाम दमौलीस्थित व्यास नगरपालिका-१ निर्मलनगरबाट सुरु हुने बुद्धसिं मोटरमार्ग सेती र मादी नदीको किनारा हुँदै क्रमशः व्यास-१३ र १४, बन्दीपुर-६, आँबुखैरेनी-५ हुँदै जाने र उक्त सडकलाई मुग्लिन-नारायणगढ सडकमा जोड्ने घुमाउनेघाटमा पुल निर्माण थालिएको थियो।

तनहुँ जिल्लाको कछार मानिने देवघाट गाउँपालिकाअन्तर्गत वडा नं २, ३ र ४ का जनतासमेत लाभान्वित हुने यस सडक पृथ्वी राजमार्गको मुग्लिन सडकखण्डभन्दा करिब २३ किमी कम दूरी पर्दछ। गण्डकी प्रदेशलाई चितवनको नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंमार्गको घुमाउनेको उक्त मोटरेबल पुलको निर्माण सम्पन्न पश्चात पोखरा र दमौलीलाई नारायणगढ आवतजावत गर्न हाल सञ्चालन भइरहेको मुग्लिङ नारायणगढ सडकभन्दा २३ किलोमिटरको दूरी छोटो पर्छ । घुमाउनेमा मोटरेबल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन् । मोटरसाइकल भने डोहोऱ्याएर मुग्लिङ नारायणगढ सडकखण्डसम्म ल्याउन सकिन्छ। उक्त पुल एक सय पाँच मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने छ । सम्झौता बेला पुलको लागत रु नौ करोड ५६ लाख थियो।

# गुप्तेश्वर महादेव क्याम्पसमा एमबिएस विद्यार्थीको स्वागत तथा बिदाइ कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २२ चैत



पोखरास्थित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसको एमबिएस तेस्रो सेमेस्टरका विद्यार्थीहरूको सक्रियतामा आइतबार एक विशेष समारोहबीच बिदाइ तथा स्वागत कार्यक्रम सम्पन्न भएको छ।

क्याम्पसको आफ्नै सभाहलमा आयोजित उक्त कार्यक्रममा एमबिएस चौथो सेमेस्टरका विद्यार्थीहरूलाई बिदाइ गरिएको छ भने नवआगन्तुक प्रथम सेमेस्टरका विद्यार्थीहरूलाई भव्य स्वागत गरिएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्रीराम सुवेदीले उच्च शिक्षाको क्षेत्रमा गुप्तेश्वर महादेव क्याम्पसले आफ्नो छुट्टै पहिचान बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो लक्ष्य केवल किताबी ज्ञान दिने मात्र नभई बजारमा प्रतिस्पर्धा गर्न सक्ने कुशल व्यवस्थापक र नैतिकवान नागरिक उत्पादन गर्नु हो ।" उहाँले बिदाइ भएर जाने विद्यार्थीहरूलाई कार्यक्षेत्रमा सफलताको शुभकामना दिँदै नयाँ विद्यार्थीहरूलाई क्याम्पसको गरिमा कायम राख्न आग्रह गर्नुभयो।

समारोहमा क्याम्पस प्रमुख धर्मराज बरालले एमबिएस तहको अध्ययन अनुसन्धानमा आधारित हुनुपर्नेमा जोड दिनुभयो । उहाँले विद्यार्थीहरूलाई सिर्जनशील हुन र क्याम्पसले उपलब्ध गराएका स्रोतसाधनको अधिकतम प्रयोग गर्न सुझाव दिनुभयो।

त्यसैगरी, प्राध्यापक संघका अध्यक्ष लेखनाथ बरालले शैक्षिक गुणस्तर सुधारमा प्राध्यापक र विद्यार्थीको समन्वय आवश्यक रहेको औंल्याउनुभयो। आइक्युएसी प्रमुख एवं एमबिएस कोअर्डिनेटर राजकुमार सुवेदीले क्याम्पसले गुणस्तर सुनिश्चितताका लागि चालेका कदमहरूबारे प्रकाश पार्नुभएको थियो । त्यस्तै सृजनशील विद्यार्थी मञ्चकी सचिव स्मृति थापाले विद्यार्थीहरू बीचको भ्रातृत्व र रचनात्मक कार्यले नै क्याम्पसको वातावरण जीवन्त रहने धारणा राख्नुभयो । बिदाइ भई जान लागेका चौथो सेमेस्टरका विद्यार्थी सफल देवकोटाले आफ्नो दुई वर्षे शैक्षिक यात्राको अनुभव सुनाउँदै क्याम्पसले प्रदान गरेको ज्ञान र मार्गदर्शन जीवनभरका लागि प्रेरणाको स्रोत बन्ने बताउनुभयो।

नवआगन्तुक प्रथम सेमेस्टरका विद्यार्थीहरूले क्याम्पसको स्वागतले आफूहरूलाई थप उत्साहित बनाएको र शैक्षिक लक्ष्य प्राप्तिका लागि प्रतिबद्ध रहने बताएका थिए। बिदाइ हुने विद्यार्थीहरूलाई सम्मान स्वरुप मायाको चिनो प्रदान गरिएको सो कार्यक्रममा विभिन्न विभागका विभागीय प्रमुख, प्राध्यापक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।


## निजि जग्गा व्यवस्थापन गर्दा निस्कने माटो तथा निर्माणजन्य पदार्थको उत्खनन् /संकलन तथा ढुवानी कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः- २०८२-१२-११)

गण्डकी प्रदेश,कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं. ४ सिम्ले स्थित रहेका निजि जग्गा व्यवस्थापन गर्न जग्गाधनीहरु(प्रस्तावक) श्री महादेव अधिकारी, नन्दकली अधिकारी,नरहरी अधिकारी र हिम कली अधिकारी द्वारा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | महादेव अधिकारी, नन्दकली अधिकारी,नरहरी अधिकारी र हिमकली अधिकारी<br>ठेगानाःमाछापुच्छ्रे गाउँपालिका, वार्ड नं ४ लाहाचोक कास्की(सम्पूर्ण प्रस्तावकको)<br>फोनः क्रमश : 9846219966, 9846183238, 9860842867, 9766605353 |
| प्रस्तावको व्यहोरा | यस माछापुच्छ्रे गाउँपालिका वार्ड नं. ४ सिम्ले स्थित रहेको कि.नं.८९२(महादेव अधिकारी),८९३(नन्दकली अधिकारी) ,८९४(नरहरी अधिकारी) र कित्ता नं ८९५(हिम कली अधिकारी) को निजि जग्गामा आवास,कृषि, व्यावसायिक वा गैर कृषि प्रयोजनको लागि जग्गा व्यवस्थापन गर्दा निस्कने पदार्थ सङ्कलन/उत्खनन् र ढुवानी कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | माछापुच्छ्रे गाउँपालिका, वार्ड नं ४ लाहाचोक कास्की |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको ,जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न माछापुच्छ्रे गाउँपालिका, वार्ड नं ४ समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र तलको ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | महादेव अधिकारी, नन्दकली अधिकारी,नरहरी अधिकारी र हिमकली अधिकारी<br>ठेगानाःमाछापुच्छ्रे गाउँपालिका, वार्ड नं ४ लाहाचोक कास्की(सम्पूर्ण प्रस्तावकको)<br>फोनः क्रमश : 9846219966, 9846183238, 9860842867, 9766605353 |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन डेल्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., थापागाउँ, काठमाडौं<br>मोबाइल नं ९८४९१८१२७७<br>ई मेल- gtmadan9@gmail.com |



HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.स. | बीमालेख न. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610001150 | विशान्त सुनार | आर्वाविजय-६, कास्की |



## विमालेख हरायो

यहि मिति २०८२/१०/३० गते स्याङ्जाबाट पोखरा जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमित नामः रियान थापा
ठेगानाः वालिङ-६, स्याङ्जा
विमालेख नं. ४०३००००२८९
सम्पर्क नं.
९८४६९९२२०२, ०६१-५५३६५२

## विमालेख हरायो

यहि मिति २०८२/१०/३० गते स्याङ्जाबाट पोखरा जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमित नामः एन्सिका थापा
ठेगानाः वालिङ-६, स्याङ्जा
विमालेख नं. ४०३००००२६७
सम्पर्क नं.
९८४६८४६३९६, ०६१-५५३६५२

## विमालेख हरायो

यहि मिति २०८२/१०/३० गते स्याङ्जाबाट पोखरा जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमित नामः रियान्शु अधिकारी
ठेगानाः भिरकोट-२, स्याङ्जा
विमालेख नं. ४११०००००००१५५
सम्पर्क नं.
९८४६६२५४३५, ०६१-५५३६५२

## विमालेख हरायो

यहि मिति २०८२/१०/३० गते स्याङ्जाबाट पोखरा जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमित नामः शोभाकान्त काफ्ले
ठेगानाः वालिङ-१, स्याङ्जा
विमालेख नं. ४११००००००००३३
सम्पर्क नं.
९८४६१८३६८८, ०६१-५५३६५२

## विमालेख हरायो

यहि मिति २०८२/१०/३० गते स्याङ्जाबाट पोखरा जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमित नामः राजन अधिकारी
ठेगानाः भिरकोट-२, स्याङ्जा
विमालेख नं. ४११०००००००१८३
सम्पर्क नं.
९८४६०८६५५६, ०६१-५५३६५२

## विमालेख हरायो

यहि मिति २०८२/१०/३० गते स्याङ्जाबाट पोखरा जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमित नामः प्रशंसा महत
ठेगानाः भिरकोट-२, स्याङ्जा
विमालेख नं. ४०३००००१३
सम्पर्क नं.
९८४६२०६५८८, ०६१-५५३६५२